कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः-२०८२/०८३ च.नं.:- 2592 मितिः-२०८३।०१/१०

**Personnel Information System (PIS) मा कर्मचारीको विवरण अद्यावधिक गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

कर्णाली प्रदेश सरकार अन्तर्गतका प्रदेश तहका कार्यालयहरुमा कार्यरत सम्पूर्ण प्रदेश निजामती कर्मचारीहरुले आ-आफ्नो व्यक्तिगत विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कर्मचारी अभिलेखालयमा सोही प्रयोजनको लागि मात्र खोलिएको Dedicated Email: provincepisupdatekarnali@gmail.com मा Scanned गरिएको तपसिल बमोजिमको विवरण वा कार्यालयमा नै उपस्थित भई आफ्नो वैयक्तिक विवरण अद्यावधिक गर्न/गराउनु हुन आदेशानुसार अनुरोध छ।

**तपसिल**

१. अद्यावधिक गर्नु पर्ने विवरणहरु
   - नियुक्ति
   - पदस्थापन
   - बढुवा तथा स्तरवृद्धि
   - सरुवा (काज एवम् कामकाज)
   - अन्य तोकिएका विवरहरु ।

२. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्णाली प्रदेशमा समायोजन भई प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीहरुले समायोजन र समायोजन पदस्थापन सम्मको विवरण राष्ट्रिय किताबखाना (निजामती) मा अद्यावधिक गर्नु पर्ने र अन्य विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कर्मचारी अभिलेखालयबाट अद्यावधिक गर्नु पर्ने। ।

३. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्णाली प्रदेशमा समायोजन भई प्रदेश निजामती सेवामा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरुले समायोजन, समायोजन पदस्थापन तथा स्वास्थ्य सेवा विभागबाट स्तरवृद्धि वा बढुवा भएको भए त्यस्तो विवरण राष्ट्रिय किताबखाना (निजामती)बाट अद्यावधिक गराई अन्य विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कर्मचारी अभिलेखालयबाट अद्यावधिक गर्नु पर्ने।

२०८३।०१।१०

*थप जानकारीको लागिः मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय, प्रदेश कर्मचारी अभिलेखालयमा सम्पर्क गर्नुहोला।*

*(सम्पर्क व्यक्तिः श्री मदन लामिछाने, शाखा अधिकृत, सम्पर्क नम्बरः९८४८१५५९४८)*

CamScanner